अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	अभिनय पाठक, पुरुषोत्तम शर्मा, राजेश कोईराला, सुमन श्रेष्ठ, हिराबहादुर गुरुङ, सम्भु जि.सि. भनिने शम्मरबहादुर घर्ती क्षेत्री, गणेशकुमार श्रेष्ठ, उज्वल बर्तौला, नारायणदत्त तिमिल्सिना, सोमराज कडरिया, सीता दहाल भनिने ठण्डाकुमारी पराजुली दहाल र कल्याण लटौला (मुद्दा नं.०८०-CR-००७०) **फैसला मिति** २०८१।०३।१८	सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** क) प्रतिवादी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टरका तत्कालीन सहायक संरक्षण अधिकृत अभिनय पाठकको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा रु. ३१,५९,७३५।- बिगो कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३ (१) बमोजिम जरिबानाको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निजबाट बिगो असुल उपर हुन, ख) प्रतिवादीहरु खैरहनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम शर्मा, इन्जिनियर राजेश कोईराला, सव इन्जिनियर सुमन श्रेष्ठ, को हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.३१,५९,७३५।- कायम गरी सोही दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३(१) बमोजिम जरिबानाको सजाय गरी सोही दफा १७ बमोजिम निजहरुबाट बिगो असुल उपर हुन, ग) प्रतिवादी कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको तत्कालीन अध्यक्ष हिराबहादुर गुरुङको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा कंक्रिट मचान निर्माणमा नगरपालिकाबाट भुक्तानी भएको रु.३१,५९,७३५।-, वन उपभोक्ता समूहको रु.८३,५४,६५१।–र राजस्व नतिरी प्रयोग भएको चितवन राष्ट्रिय निकुञ्जको काठबापत हुन आउने रु.३,९१,२१७।३० समेत गरी जम्मा रु.१,१९,०५,६०३।३० हानिनोक्सानी बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को (१) देहाय (झ) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो निजबाट दफा १७ बमोजिम असुल उपर हुन, घ) प्रतिवादी कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको कोषाध्यक्ष सम्भु जि.सि. भनिने शम्मरबहादुर घर्ती क्षेत्री,को हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा निजको कार्यकालमा हानिनोक्सानी भएको रु.८९,०२,६६५।- बिगो कायम गरी सोही दफा १७ ले	• खैरहनी नगरपालिकाले अनुदान लगानीमा कुमरोज सामुदायिक वन उपभोक्ता समूहले मचान निर्माणका लागि चितवन राष्ट्रिय निकुञ्जबाट अनुमति लिएर नै निर्माण कार्य गरेको देखिएको, • निर्माण भएको मचान निकुञ्जको कोर एरियामा बनेको र प्रयोग विहिन भई नगरपालिकाबाट भएको लगानी सार्वजनिक सम्पत्तीको हानी नोक्सानी भएको भन्ने आरोप दावी रहेकोमा कुमरोज सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी प्रतिवादीहरुले मौकाको बयान देखि नै मचान निर्माणको क्षेत्र निकुञ्जको कोर एरियामा नभई मध्यवर्ती सामुदायिक क्षेत्रमा रहेको भन्ने जिकिर लिएको र विशेष अदालतको आदेश बमोजिम चितवन जिल्ला अदालतबाट गरिएको स्थलगत नापजाँच मुचुल्काबाट उक्त मचान कुमरोज सामुदायिक वनको भोगचलन भित्रको वन क्षेत्रमा निर्माण भएको देखिएको भन्ने नापनक्सा सहितको मुचुल्काबाट देखिएको, • प्रतिवादीहरुको इन्कारी बयानलाई समर्थन गरी निजहरुका साक्षीहरु अदालतमा उपस्थित भइ बकपत्र गरी दिएको समेतका आधारमा वादी दावी पुग्न नसकी सबै प्रतिवादीहरुले सफाई पाउने।	• प्रस्तुत मुद्दामा चितवन राष्ट्रिय निकुञ्ज कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गरिएको मध्यवर्ती वन क्षेत्रमा उपभोक्ता समूहको माग बमोजिम पर्यापर्यटन विकास विस्तार गर्ने उद्देश्यका साथ चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र खैरहनी नगरपालिका र कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको संयुक्त लगानीमा कंक्रिट मचान निर्माण, गोलो काठे मचान निर्माण, पुरानो काठे मचानमा शौचालय तथा बाथरुम निर्माण गर्न र बोटेदरै तालमा निर्माण गरिएको पर्यटक विश्रामस्थलमा चिया कफी सप सञ्चालन गर्न अनुमति दिईएको भन्ने चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टर चितवनको च.नं. ९५, मिति २०७५।५।१३ को पत्रबाट देखिएकोमा कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहबाट अनुमति विपरित पक्की कंक्रिट भवन ४ तले (भुँई तल्ला बाहेक) १८ कोठे निर्माण गरेको देखिएको र उक्त भवनको निर्माणस्थल अक्षांश २७०३३'२९.४२" र देशान्तर ८४०३०'५९.३८" रहेको, मिति २०७३।०७।०१ गते प्रकाशित भएको राजपत्रानुसार चितवन राष्ट्रिय निकुञ्जको संशोधन भएको सिमाना अनुसार राष्ट्रिय निकुञ्जको कोर एरियाभित्र पर्ने भनि चितवन राष्ट्रिय निकुञ्जको सहायक संरक्षण अधिकृत गोपालबहादुर घिमिरे र ऋषि रानाभाटले मिति २०७६।९।३ मा पेश गरेको प्रतिवेदन तथा आयोगबाट अनुसन्धानको क्रममा मिति २०७९।०९।१९ मा भएको प्राविधिक समेतको टोलीले गरेको स्थलगत मूचुल्काबाट देखिएको समेतका आधारमा उक्त मचान निर्माण गर्न भनि लिईएको अनुमति वेगर राष्ट्रिय निकुञ्जको कोर एरियाभित्र निकुञ्जको वातावरणलाई प्रतिकुल असर र वन्यजन्तुलाई हानी नोक्सानी हुनसक्ने गरी होटल लजको आकारको ठुलो १८ कोठे कंक्रिट पक्की व्यवसायिक भवन निर्माण गरी खैरहनी नगरपालिका तथा उपभोक्ता समुहको कोष समेतको रकम उक्त प्रयोगविहिन भवन निर्माणमा प्रयोग गरी सरकारी सम्पत्ती हानी नोक्सानी गरेको आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा उक्त कुमरोज मध्यवर्ती सामुदायिक वनले चितवन राष्ट्रिय निकुञ्जको कोर एरियामा निर्माण गरेको ४ तले १८ कोठे (प्रत्येक कोठामा बाथरुम समेत, भुँई तलासमेत ५ तल्ले) RCC भवनको निर्माणको स्थलगत निरीक्षण गरी भवनमा प्रयोग भएका काठको जम्मा परिमाणको नापजाँच गरी Calculation गर्दा जडान गर्न तयारी अवस्थामा रहेका झ्याल, ढोकाको पल्लामा तथा अन्य चौकाठमा गरी जम्मा ३४६.२१ घन फिट बराबरको काठ उक्त भवनमा झ्याल, ढोकाको चौकाठको लागि, जाली तथा सिसा पल्लाको लागि प्रयोग गर्न तयारी अवस्थामा राखेको भन्ने आयोगको मिति २०७९।१०।२५ को प्राविधिक फिल्ड प्रतिवेदनबाट देखिएको, राष्ट्रिय निकुञ्जको अनुमति वेगर नै मिति २०७४।०२।२७ मा कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह र बुढी राप्ती मध्यवर्ती उपभोक्ता समितिको संयुक्त लगानीमा भ्यूटावर निर्माणको शिलान्यास भएको, वन उपभोक्ता समूहको स्वीकृत कार्य योजनाको अवधि मिति २०७४।०२।३० मा नै समाप्त भएको, वन समूहको नयाँ कार्ययोजनाको निर्माण कार्य प्रक्रियागत चरणमा नै रहेको, निर्माणाधिन भवन निकुञ्जबाट आधिकारिक अनुमति तथा ईजाजत प्राप्त नगरी निर्माण भएको, वातावरणीय परीक्षण वा प्रभाव मुल्याकन गराईएको नदेखिएको भनि सहायक संरक्षण अधिकृत गोपालबहादुर घिमिरे र ऋषि रानाभाट समेतको

			निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को (१) देहाय (ज) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो दफा १७ बमोजिम असुलउपर हुन, ङ) प्रतिवादीहरु कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष गणेशकुमार श्रेष्ठ र कोषाध्यक्ष उज्वल बर्तौलाको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा निजहरुको कार्यकालमा हानिनोक्सानी भएको रु.१३,३१,२१७।३० बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (च) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो दफा १७ बमोजिम असुलउपर हुन, च) प्रतिवादीहरु बुढी राप्ती उपभोक्ता समितिको अध्यक्ष नारायणदत्त तिमिल्सिना र कोषाध्यक्ष सोमराज कडरियाको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा निजहरुको कार्यकालमा हानिनोक्सानी भएको रु.७८,०००।- (अठहत्तर हजार रुपैयाँ) बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को (१) देहाय (ग) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो दफा १७ बमोजिम असुल उपर हुन, छ) कंक्रिट मचान निर्माण उपभोक्ता समितिकी कोषाध्यक्ष सीता दहाल भनिने ठण्डा कुमारी पराजुली दहाल र सचिव कल्याण लटौलाको हकमाः- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा बमोजिम रु.३५,५०,९५२।३० बिगो कायम गरी सोही दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको । **अदालतको फैसला** • यी प्रतिवादिहरुले आरोपदावीको कसूरबाट सफाई पाउने ठहर गरी बिशेष अदालतबाट फैसला भएको देखिन्छ ।		स्थलगत अध्ययन तथा छानबिन प्रतिवेदनबाट देखिएको तथा निज प्रतिवेदकहरुले अदालतमा उपस्थित भई सो प्रतिवेदन बेहोरालाई पुष्टि हुने गरी वकपत्र गरेको देखिएको र प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई वयान गरेमा प्रमाणमा लिन हुन्छ ।" भन्ने कानूनी ब्यवस्था अनुसार वकपत्र समेतलाई प्रमाणमा ग्रहण गरी यी प्रतिवादीहरुलाई आरोप दावीको कसूर ठहर गरी सजाय हुनु पर्नेमा सो प्रमाणको मूल्याँकन नै नगरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • अनुमति विपरित निकुञ्जको कोर क्षेत्रमा निकुञ्जको वातावरणलाई प्रतिकुल असर र वन्यजन्तुलाई हानी नोक्सानी हुनसक्ने गरी निर्माण गरिएको उक्त प्रयोगविहिन व्यवसायिक भवन निर्माणमा सार्वजनिक सम्पत्तिको दुरुपयोग र हानिनोक्सानी हुन गएको निर्विवाद रुपमा पुष्टि भएको र उक्त कसुरजन्य कार्यमा यी प्रतिवादीहरु चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टरका तत्कालीन सहायक संरक्षण अधिकृत अभिनय पाठक, खैरहनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम शर्मा, इन्जिनियर राजेश कोईराला, सव इन्जिनियर सुमन श्रेष्ठ, कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको तत्कालीन अध्यक्ष तथा कंक्रिट मचान निर्माण उपभोक्ता समितिका अध्यक्ष हिराबहादुर गुरुङ, कोषाध्यक्ष सम्भु जि.सि. भनिने शम्मरबहादुर घर्ती क्षेत्री, कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष गणेशकुमार श्रेष्ठ र कोषाध्यक्ष उज्वल बर्तौला, बुढी राप्ती उपभोक्ता समितिको अध्यक्ष नारायणदत्त तिमिल्सिना र कोषाध्यक्ष सोमराज कडरिया, कंक्रिट मचान निर्माण उपभोक्ता समितिकी कोषाध्यक्ष सीता दहाल भनिने ठण्डाकुमारी पराजुली दहाल र सचिव कल्याण लटौलाको संलग्नता रहेको मिसिल संलग्न प्रमाणबाट निर्विवाद रुपमा पुष्टि हुन आएकोमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ । • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट अनुमति विपरित चितवन राष्ट्रिय निकुञ्जको कोर क्षेत्रमा निकुञ्जको वातावरणलाई प्रतिकुल असर र वन्यजन्तुलाई हानी नोक्सानी हुनसक्ने गरी निर्माण गरिएको प्रयोगविहिन व्यवसायिक भवन निर्माणमा सार्वजनिक सम्पत्तिको दुरुपयोग र हानिनोक्सानी हुन गई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्न।